# सर्वोच्च अदालत

## काठमाडौं

**सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदल जापान, रुसी महासंघ र संयुक्त अधिराज्यको भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता भएको सम्बन्धमा जारी भएको**

**<u>प्रेस विज्ञप्ति</u>**

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीले नेतृत्व गर्नुभएको भ्रमणदल दुई साता लामो विदेश भ्रमण सम्पन्न गरी २०७४ साल आश्विन १८ गते बिहीबार स्वदेश फिर्ता भएको छ ।

जापानको राजधानी टोक्योमा २०७४ आश्विन २ गतेदेखि ५ गतेसम्म आयोजित एसिया तथा प्रशान्त क्षेत्रका प्रधान न्यायाधीशहरुको १७औं सम्मेलनमा सहभागिताका लागि जापानका प्रधान न्यायाधीश Itsuro TERADA ले गर्नुभएको निमन्त्रणालाई स्वीकार गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली नेतृत्वको भ्रमणदल उक्त सम्मेलनमा सहभागी भएको हो । सम्मेलनमा नेपालका तर्फबाट प्रतिनिधित्व गर्दै सम्माननीय प्रधान न्यायाधीश पराजुलीले Improving Human Resources in Courts विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमा उहाँले नेपालको न्यायपालिकाको क्षमता अभिवृद्धिका सम्बन्धमा रहेको चुनौती र सो को सम्बोधनका उपायहरु प्रस्तुत गर्नुभएको थियो । यसका साथै, उहाँले न्यायाधीश र न्याय सेवाका अधिकारीहरुको क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय एवम् राष्ट्रिय स्तरमा निरन्तर शिक्षा (Continuous Education) को आवश्यकता र परस्पर सहयोगको सम्भावनाका बारेमा समेत आफ्नो दृष्टि राख्दै न्यायपालिकाले जनशक्ति विकासका लागि भविष्यमा अपनाउने योजनाका बारेमा प्रकाश पार्नुभएको थियो ।

जापानमा आयोजित सम्मेलन पश्चात् सम्माननीय प्रधान न्यायाधीश पराजुलीले रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्ष महामहिम Vyacheslav M. Lebedev को निमन्त्रणामा २०७४ आश्विन ७ गतेदेखि १० गतेसम्म रुसी महासंघको भ्रमण गर्नुभएको थियो । उक्त भ्रमणका क्रममा सम्माननीय प्रधान न्यायाधीश श्री पराजुलीले रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्ष महामहिम Vyacheslav M. Lebedev सँग मस्कोस्थित रुसी महासंघको सर्वोच्च अदालतमा शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । भेटवार्ताका क्रममा नेपाल र रुसी महासंघको न्यायपालिकाबीच कायम रहेको सँस्थागत एवम् व्यावसायिक सम्बन्ध भविष्यमा थप सुदृढ गर्न सम्माननीय प्रधान न्यायाधीश पराजुली र रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्ष महामहिम Lebedev ले प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, उहाँहरुले भविष्यमा दुवै देशका न्यायपालिकाले

जनशक्ति विकास र न्यायिक विकासको कार्यमा सहकार्य गर्नसक्ने क्षेत्रहरु पहिचान गर्ने विश्वास समेत व्यक्त गर्नुभयो । भेटवार्ताका क्रममा सम्माननीय प्रधान न्यायाधीश पराजुलीले रुसी महासंघको सर्वोच्च अदालतका महामहिम अध्यक्ष Vyacheslav M. Lebedev लाई निकट भविष्यमा आफ्नो अनुकूल समयमा नेपाल भ्रमणका लागि आउन निमन्त्रणा दिनुभएको थियो । रुसी महासंघको भ्रमणकै क्रममा सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदलले मस्कोस्थित Justice Department र Moscow Regional Court को भ्रमण गरी त्यहाँको न्यायिक कामकारबाहीको अध्ययन अवलोकन समेत गरेको थियो ।

सो पश्चात् २०७४ आश्विन १० गतेदेखि १७ गतेसम्म संयुक्त अधिराज्यको सर्वोच्च अदालतका अध्यक्षको निमन्त्रणामा त्यहाँको औपचारिक भ्रमण गर्नुभएका सम्माननीय प्रधान न्यायाधीश पराजुलीले २०७४ आश्विन १७ गते लण्डनस्थित सर्वोच्च अदालतमा सर्वोच्च अदालतका महामहिम अध्यक्षसँग शिष्टाचार भेटवार्ता गर्नुभयो । भेटवार्ताका क्रममा उहाँहरुले नेपाल र संयुक्त अधिराज्यबीच करिब दुई शताब्दिदेखि रहिआएको कुटनीतिक सम्बन्धको चर्चा गर्दै विशिष्ट प्रकृतिको द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ तुल्याउन भविष्यमा नेपाल र संयुक्त अधिराज्यको न्यायपालिकाको तहमा समेत सँस्थागत तथा व्यावसायिक सम्बन्ध विस्तार हुने विश्वास व्यक्त गर्नुभयो । भेटवार्ताकै क्रममा सम्माननीय प्रधान न्यायाधीश पराजुलीले नेपालको न्याय तथा कानून प्रणालीमा संयुक्त अधिराज्यको न्यायिक तथा कानूनी अभ्यास र प्रचलन समेतलाई महत्वपूर्ण स्रोतका रुपमा लिइएको हुँदा दुई देशका न्यायपालिकाबीचको सँस्थागत सम्बन्ध नेपाली न्याय प्रणाली र विधिशास्त्रको विकासमा महत्वपूर्ण रहेको बताउनुभयो । भ्रमणका क्रममा लण्डनस्थित Royal Court of Justice लगायत अन्य न्यायिक निकायको अध्ययन अवलोकन गर्नुका साथै नेपाली राजदूतावासद्वारा आयोजित विशेष समारोहमा सम्माननीय प्रधान न्यायाधीश पराजुली तथा भ्रमणदलका अन्य सदस्य सहभागी हुनुभएको थियो ।

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीले नेतृत्व गर्नुभएको भ्रमणदलमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी, माननीय जिल्ला न्यायाधीश श्री बिदुर कोइराला र सम्माननीय प्रधान न्यायाधीशज्यूको निजी सचिव श्री रामप्रसाद पौडेल सहभागी हुनुहुन्थ्यो ।

२०७४ साल आश्विन २० गते, शुक्रबार
सर्वोच्च अदालत, काठमाण्डौ ।